लुम्बिनी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- ५१

मिति :- वि.सं. २०८३/०४/१८

ने.स. :- ११४६ दिल्लागा,५ सोमवार

विषयः - सरुवा निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

श्री मातहतका निकायमा कार्यरत प्रदेश स्वास्थ्य तथा नेपाल स्वास्थ्य सेवाका अधिकृतस्तर आठौं तह सम्मका कर्मचारीहरु सबै ।

लुम्बिनी प्रदेश ।

प्रदेश निजामती सेवा ऐन,२०८० को दफा २५ उपदफा (४) बमोजिमको अवधिभित्र सरुवा हुन इच्छुक यस मन्त्रालय मातहतका निकायमा कार्यरत निकायमा न्यूनतम अवधि पुरा भएका प्रदेश स्वास्थ्य सेवाका अधिकृतस्तर आठौ तह (सङ्घीय निकायबाट कामकाजमा आएका कर्मचारीको हकमा संघीय स्वास्थ्य सेवा अधिकृतस्तर आठौं तहसम्मका कर्मचारीले प्रदेश निजामती सेवा नियमावली,२०८० को अनुसूची-१४ को ढाँचामा यस मन्त्रालयको ईमेलः- Kapra.mohp5@gmail.com मा मिति २०८३/०४/२४ गते कार्यालय समय भित्र निवेदन पेश गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सुचित गरिन्छ ।

उल्लेख भए बमोजिमको निवेदन कर्मचारीको रुची वा चाहना थाहा पाउने प्रयोजनमा मात्र सीमित रहने र यसले सरुवा हुन नहुने अथवा माग गरेको निकायमा हुने वा नहुने अथवा माग गरेको निकायमा हुने वा नहुने कुराको निर्धारण नगर्ने व्यहोरा समेत स्पष्ट गरिएको छ ।

साथै, सरुवा निवेदन दर्ता गर्न आफ्नो कार्यालयको सेवा छाडी भौतिक रुपमा उपस्थित हुन नपर्ने भएकोले ईमेल मार्फत पठाउने प्रक्रियालाई प्राथमिकता दिनुहुन समेत निर्देशानुसार अनुरोध गरिएको छ ।

...............................

(सरोज भण्डारी)

वरिष्ठ शाखा अधिकृत

वरिष्ठ शाखा अधिकृत